# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रीय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ असार ३० गते

## पीडितहरुको मानव अधिकार सुनिश्चित गर्न सरकारको ध्यानाकर्षण ।

राष्ट्रिय मानव अधिकार आयोगले बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका बासीन्दाहरुले हरेक वर्षायाममा भोग्दै आएको बाढीको समस्या तत्काल समाधान गर्न सरकारलाई आग्रह गरेको छ । आयोगका सदस्यद्वय मोहना अन्सारी र गोविन्द शर्मा पौड्यालको नेतृत्वमा बाढी पीडितहरुको अवस्थाको बारेमा अनुगमनपछि बाढीका कारणबाट प्रभावित क्षेत्रका नागरिकहरुको बसोबास, जीविकोपार्जन र जीवनको अधिकार उच्च जोखिममा रहेको पाएको छ ।

कञ्चनपुरको शुक्लाफाँटा वन्यजन्तु आरक्ष विस्तारबाट विस्थापित भई हाल बेलडाँडीमा बस्दै आएका नागरिकहरुको पुनर्स्थापना सम्बन्धमा २८ वटा आयोग गठन भएपनि हालसम्म उनीहरुको व्यवस्थापन नगरिएको विषयमा आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । कञ्चनपुरको भीमदत्त नगरपालिकाको भुजेला ११, १२ र १३ नम्बर वडामा महाकाली नदी र पुर्नवास नगरपालिकाको वडा नं १ बीचफाटा लगायत ३ किलोमिटर आसपासका क्षेत्र र बाइसबिचवा गाबिस लगायतका क्षेत्रमा दोदा नदीका कारण डुबान र कटानको विकराल समस्या रहेको पाइएकोले समस्या समाधानका लागि तत्काल स्थायी तटबन्ध निर्माण गर्न आयोग सरकारलाई आग्रह गर्दछ ।

कैलालीको थापापुरवस्ती लगायतका गाबिस डुबानमा पर्न सक्ने खतरा रहेकाले आसपासका बस्तीहरुलाई तत्काल सुरक्षित स्थानमा सार्न आयोगले सरकारको ध्यानाकर्षण गराएको छ । कैलालीको सीमावर्ती क्षेत्रहरुमा मानव बेचबिखन ओसारपसार रोक्नका लागि अस्थायी रुपमा धनगढीको सिमामा स्थापना गरिएको चेकप्वाइन्टहरु एकै नाकामा केन्द्रित देखिदा चेकप्वाइन्टहरु सीमा क्षेत्रका सम्भावित अन्य नाकाहरुमा राख्न सरोकारवालाहरुलाई आयोगले निर्देशन दिएको छ ।

बर्दियाको जमुनी गाबिसको फुटाहाका ३ जना नेपाली नागरिकहरुलाई भारतीय वन कार्यालयले करिब एक महिना देखि भारतको बहराइच जिल्लाको मोतीपुर थानामा थुनामा राखि हालसम्म पनि रिहा नगरेको र उनीहरुको रिहाइको लागि स्थानीय प्रशासनबाट सक्रियतापूर्वक पहल नगरेको पाइएकोले निजहरुको तत्काल रिहाईको पहल गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

भारत सरकारले १९९९ मा निर्माण गरेको कलकलवा मार्जिनल तटबन्धका कारण बाँकेको फत्तेपुर, होलीया, बेतहनी, गंगापुर, बनकट्टी र मटेहिया लगायतका नौ गाबिसहरु बाढीको उच्च जोखिममा रहेकोले ती वस्तीहरुका १२ हजार ३ सय ४० घरका ६० हजार भन्दा बढी नागरिकहरु प्रत्यक्ष प्रभावित रहेको बुझिएको छ । राप्तीनदीमा निर्माणधीन तटबन्धहरु बालुवा, बाँसका किला एवं बोल्डरको प्रयोग गरी निर्माण गरिएको देखिएकोले ती क्षेत्रहरुमा दक्ष प्राविधिक र उच्चस्तरिय प्रविधिको प्रयोग गरी तत्काल स्थायी तटबन्ध निर्माण कार्य अगाडी बढाउन आयोग सकारको ध्यानाकर्षण गराउँदछ ।

गत वर्षका बाढी पीडितहरु अहिलेपनि विद्यालय, पाल तथा वन क्षेत्रमा अति जोखिममा रहेकाले बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणमा प्रत्यक्ष प्रभाव परेको अनुगमनका क्रममा देखिएको छ । सीमावर्ती क्षेत्रमा जंगली जनावरहरु खुल्ला रुपमा नेपाल प्रवेश गर्दा मानवीय क्षति र खाद्यान्न नष्ट गर्ने गरेकाले नेपाली नागरिकको सुरक्षा, राहत र उचित क्षतिपूर्तिको व्यवस्था गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

मोहना अन्सारी
सदस्य तथा प्रवक्ता